# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, पौष ११ गते २०३० साल [अतिरिक्ताङ्क ५८

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानबमोजिम सर्वोच्च अदालतका देहायका अतिरिक्त तथा तोकिएको अवधि समाप्त भएपछि आफ्नै साबिकको पदमा फर्कने गरी नियुक्त भएका अस्थायी न्यायाधीशहरूलाई निजहरूको म्याद भुक्तान भएको मितिले यही २०३० साल चैत्र मसान्तसम्म पुनः म्याद थप गरी नियुक्त गरिबक्सेको छ । निजहरूको पारिश्रमिक, भ्रमण, दैनिक भत्ता तथा बिदाको सुबिधा सर्वोच्च अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी मौसूफबाट तोकिबक्सेको छ ।

१. अतिरिक्त न्यायाधीश श्री हेरम्बराज पाण्डे ।
२. अस्थायी न्यायाधीश श्री विश्वनाथ उपाध्याय ।
३. अस्थायी न्यायाधीश श्री ब्रह्मदत्त तेवारी ।
४. अस्थायी न्यायाधीश श्री जयदेव भट्ट ।
५. अस्थायी न्यायाधीश श्री त्रैलोक्यराज अर्याल ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४००